## खाँडाचक्र नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग २

# पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०

| | |
|---|---|
| स्वीकृत भएको मिति : | २०८०/१०/२४ |

**खाँडाचक्र नगरपालिका**
**कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## भूमिका

राष्ट्रिय योजना आयोगले प्रत्येक बर्ष स्थानीय तहहरुको लागि विभिन्न क्षेत्र अन्तरगत विभिन्न कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान आह्वान गर्दछ। राष्ट्रिय योजना आयोगले आगामी आर्थिक बर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको प्रस्ताव माग गरे बमोजिम खाँडाचक्र नगरपालिकाले पनि मुलभूत क्षेत्र समाबेशीकरण तथा मुलप्रवाहीकरण अन्तरगत पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण सेवाको विस्तार कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्तावको स्वीकृत भई चालु आर्थिक बर्ष २०८०।८१को लागि अनुदान प्राप्त गरेको छ ।
राष्ट्रिय योजना आयोगबाट प्राप्त अनुदानलाई स्थानीय तहमा प्रभावकारीरुपमा कार्यान्वयन गर्नको लागि स्थानीय तहमा सञ्चालन हुने क्रियाकलापहरुको सञ्चालनको लागि कार्य सञ्चालन निर्देशिका बनाई सो निर्देशिकालाई स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक हुदै कार्यपालिकाबाट अनुमोदन गरी कार्यान्वयन गर्नुपर्दछ ।

## कार्यक्रम सञ्चालन निर्देशिकाको उद्देश्यः

राष्ट्रिय योजना आयोगले प्रत्येक आर्थिक बर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको प्रस्ताव माग गरे बमोजिम स्थानीय तहले विभिन्न मुलभूत क्षेत्रमा रहि बिभिन्न आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गरिन्छ । यसरी स्थानीय तहहरुले पेश गरेको कार्यक्रममा प्रस्ताव गरेको बजेट पूर्णरुपमा स्वीकृत नहुने र राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान कार्यविधिमा ब्यवस्था भए बमोजिम प्रस्तावित क्रियाकलापहरुलाई स्वीकृत बजेट अनुरुप परिमार्जन तथा समायोजन गरी सो क्रियाकलापहरुको उद्देश्य र कार्यान्वयन प्रक्रियाको बारेमा कार्यान्वयन निकाय प्रष्ट हुनुपर्छ। राष्ट्रिय योजना आयोगबाट प्राप्त अनुदानलाई स्थानीय तहमा प्रभावकारीरुपमा कार्यान्वयन गर्नको लागि स्थानीय तहमा सञ्चालन हुने क्रियाकलापहरुको कार्य सञ्चालन निर्देशिका बनाई सो निर्देशिकालाई स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक हुदै कार्यपालिकाबाट अनुमोदन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्य सञ्चालन निर्देशिकाले विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने कार्यक्रम राष्ट्रिय योजना आयोगको विशेष अनुदान कार्यविधि २०७७ मा ब्यवस्था भए बमोजिम प्रभावकारी कार्यान्वयन गर्न सहज होस भन्ने मुलभूत उद्देश्य रहेको छ।यसका अतिरिक्त विशेष अनुदान अन्तरगतका क्रियाकलापहरु कार्यान्वयन निर्देशिकाका निम्न उद्देश्यहरु रहेको छनः

- विशेष अनुदान अन्तरगत छनौट भएका क्रियाकलापहरुको प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।
- बिषयगत शाखाले सन्चालन गर्ने क्रियाकलापहरुको कार्यान्वयन विधि र बजेटको बारेमा प्रष्ट हुने ।
- बजेट खर्च र प्रगतिको दस्ता वेजिकरणमा सहजता हुने ।
- आवश्यक सन्दर्भ सामाग्री र प्राविधिक सहयोग परिचालनमा सहजता हुने ।
- छनौट भएका क्रियाकलापहरुको कार्यान्वयन समय, स्थान र जिम्मेवार व्याक्ति तथा शाखाको बारेमा जानकारी हुने ।
- छनौट भएका क्रियाकलापहरुको उद्देश्य , कार्यान्वयन विधि र प्रक्रियाका साथै अपेक्षित उपलब्धि , अनुगमन खाका, सन्दर्भ सामाग्री, बजेट बाडफाड र अभिलेख र प्रतिबेदनका बारेमा बिस्तृत जानकारी प्रदान गर्ने ।

## क .क्रियाकलाप तथा बजेट

**क्रियाकलाप नं १:** मेरो बाबालाई चिठी प्रिन्ट तथा बितरण

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला , बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिलाहरुलाई गर्भवती महिलाको गर्भमा रहेको बालकले आफ्नो बाबालाई गर्भवती अवस्थामा आमालाई पोषिलो खाना ६ महिना सम्म पूर्ण स्तनपान समयमै ठोस आहारको सुरुवात नियमित बृद्धि अनुगमन समयमै खोप लगाउने जस्ता बिषय बस्तुहरुलाई समेटेर सुनौला १००० दिनमा अविभावकले गर्ने जिम्मेवारी बोध गराई आमा तथा बालबालिकाको पोषण स्थितीमा सुधार ल्याउन

क्रियाकलापहरु कार्यान्वयन गरिने छ । यो क्रियाकलाप खाँडाचक्र नगरपालिकाको तोकिएका वडाहरु तथा लक्षित समुहमा चालु आ.व. २०८०।८१मा सन्चालन हुनेछ ।

**उद्देश्यः**

- पालिकामा रहेका सबै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थाबाट आवश्यक परामर्श सहित बितरण गरिने छ ।
- गर्भवती महिला र बालबालिकाको पोषण स्थितीमा सुधार हुनेछ ।
- अविभावकलाई सुनौलो १००० दिनको महत्वबारे जानकारी भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनका आमा तथा गर्भवती महिलाको स्वास्थ्य संस्थामा नियमित जाँचको दरमा बृद्धि हुनेछ । र गर्भवती सुत्केरी र दुध खुवाउने आमाहरुको पोषण स्थितीमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नगरपालिका स्वास्थ्य शाखा ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ५० हजार बजेटको व्यवस्था गरिएको छ । पालिका र वडा स्तरमा सञ्चालन हुने क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाडफाडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं २:** पोषिलो परिकार प्रदर्शनी कार्यक्रम

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला , बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिलाहरुको सहभागितामा क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ । स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषणको सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । यो क्रियाकलाप खाँडाचक्र नगरपालिकाको तोकिएका वडाहरुमा चालु आ . व. २०८०।८१मा सन्चालन हुनेछ ।

**उद्देश्यः** पोषिलो परिकार प्रदर्शनी क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- स्थानिय स्तरमा पाईने खाध्य बस्तुको परिकार बनाउन सक्षम बनाउने ।
- रैथाने बालीको उत्पादनको महत्वबारे जानकारी गराउने ।
- स्थानिय स्तरमा उपलब्ध खाध्य बालीबाट पाईने पोषक तत्व बारे ।

**उपेक्षित प्रतिफलः** स्थानिय स्तरमा पाईने अन्न बालीहरुको बढी प्रयोग भई बजारिया खाध्य बस्तुको प्रयोगमा कमी आउने छ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु

**सञ्चालन प्रकृयाः** खाडाचक्र नपाको सबै स्वास्थ्यबाट १ पटक संचालन हुनेछ । पोषण सहजकर्ता , स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन र सहजीकरणमा गरिने छ ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १ लाख १० हजार बजेटको व्यवस्था गरिएको छ ।पालिका र वडा स्तरमा सञ्चालन हुने क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाडफाडमा उल्लेख गरिएको छ ।

**क्रियाकलाप नं ३:** पोषणमैत्री स्वास्थ्य संस्था घोषणा

**परिचयः** पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका,२०७८ को मर्म बमोजिम स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाले स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह भैरहेका पोषण विशेष सेवाहरुको निरन्तरता तथा गुणस्तर सुधार गर्न सहयोग गर्ने एउटा महत्वपूर्णा गतिविधिको रुपमा पोषणमैत्री स्वास्थ्य संस्था अवधारणाको विकास गरेको छ। यो अवधारणाको कार्यान्वयन गर्नका लागि सबै स्वास्थ्य संस्थाहरुलाई क्रमशः पोषणमैत्री स्वास्थ्य संस्था भएको सुनिश्चित गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको छ ।
पोषण मैत्री संस्था घोषणा अभियान पोषणमैत्री वडा तथा स्थानीय तह घोषणाको पहिलो खुड्किलो हो । यस अभियानले पोषणमैत्री वडा घोषणाको लागि आधार तय गर्दछ। यो क्रियाकलाप खाँडाचक्र नगरपालिकाको तोकिएका ११ वडाहरुमा चालु आ.व. २०८०।८१मा सन्चालन हुनेछ ।

**उद्देश्यः** नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा लिन पाउने हक हुने व्यवस्था गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बालबालिका, किशोरकिशोरी तथा गर्भवती महिला लक्षित पोषण विशेष सेवाहरुलाई आधारभूत स्वास्थ्य सेवाको सूचिमा समावेश गरेको छ। यस अर्थमा स्वास्थ्य संस्थामा पोषण विशेष सेवा लिन आउँदा बिना झन्झट र निःशुल्क रुपमा तोकिएका पोषण सेवा पाउनु आम नागरिकको नैसर्गिक अधिकार हो र यो अधिकार सुनिश्चित गर्ने दिशामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रतिबद्ध छ । नागरिकको यो अधिकार साँचो अर्थमा सुनिश्चित गर्नका लागि तोकिएका सबै मापदण्ड पूरा गरी स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा रुपान्तरण गर्न आवश्यक छ । राष्टिय्र र अन्तर्राष्ट्रिय स्तरमा पोषणको क्षेत्रमा गरिएका प्रतिबद्धता पूरा गर्नका लागि नेपालले अंगिकार गरेको बहुक्षेत्रीय पोषण योजनाको मर्म बमोजिम स्थानीय तहलाई पोषणमैत्री बनाउने अभियान कार्यान्वयनका लागि सघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयले पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका , २०७८ जारी गरेको छ । पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिकाले वि.सं. २०८७ सम्ममा सम्पूर्ण स्थानीय तहलाई पोषणमैत्री बनाउने लक्ष्य निर्धारण गरेको छ । बहुक्षेत्रीय पोषण योजना अनुरुप पोषण विशेष सेवा प्रदान गर्ने महत्वपूर्ण विषयगत क्षेत्रको हैसियतमा रहेको स्वास्थ्य सेवाको सुधार नभै समग्र रुपमा पोषणमैत्री स्थानीयतहको कल्पना गर्न सम्भव हुँदैन । तसर्थ उक्त निर्देशिका बमोजिम स्थानीय तहमा स्वास्थ्य क्षेत्रसंग सम्बन्धित मापदण्ड तथा सूचकहरुपूरा गराई स्वास्थ्य संस्थाहरुलाई क्रमशः पोषणमैत्री बनाउँदै लैजानु पर्ने आवश्यकता छ ।

**उपेक्षित प्रतिफलः** स्थानीय तहमा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा अन्तरगतका मापदण्ड तथा सूचकहरुपूरा भई सबै स्वास्थ्य संस्थाहरु क्रमशः पोषणमैत्री स्वास्थ्य संस्था घोषणा भएका हुनेछन ।

**कार्यान्वयन गर्ने निकायः** स्वास्थ्य सेवा कार्यालय कालिकोटसंगको प्रमुख समन्वयमा खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयका साथै र स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा खाडाचक्र नपा कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः** पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट पोषण मैत्री स्वास्थ्य संस्था घोषणाका लागि स्वास्थ्य संस्था छनौट गर्ने । छनौट भएको स्वास्थ्य संस्था रहेको वडा कार्यालयको समन्वयमा स्वास्थ्य संस्था व्यवस्थापन समिति , स्वास्थ्य कर्मीहरु , महिला स्वास्थ्य स्वयंसेविकाहरु र आमा समुह तथा अन्य सरोकारवालाहरुको सहभागितामा सुचकहरुको अवस्था विश्लेषण गरी घोषणाको लागि थप गर्नुपर्ने कार्य सहितको जिम्मेवारी सहित कार्य योजना निर्माण गर्ने । पोषण विशेष क्रियाकलापहरु कार्यान्वयनमा देखिएका समस्या र सो समाधानको लागि वडा स्तरीय योजना निर्माण गरी सो योजना निर्माणको लागि समुदायमा आमभेलाको आयोजना गर्ने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पोषण मैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९ अनुसार कार्यान्वयन गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ६ लाख बजेटको व्यवस्था गरिएको छ । पालिका स्तरमा सञ्चालन हुने क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण उपलब्ध गराईने छ

**क्रियाकलाप नं ४:** सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन र अभिमुखिकरण कार्यक्रम।

**परिचयः** बहुक्षेत्रीय पोषण कार्यक्रम महिला , बालबालिका र किशोरीहरुको पोषण अवस्था सुधारका लागि सञ्चालित एउटा महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रम अन्तरगत सुनौलो हजार दिनका महिला बालबालिका र किशोरीहरुको पोषणको सुधारको लागि बिभिन्न क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरिन्छ । यो कार्यक्रम कर्णाली प्रदेशका सबै जिल्लाहरुमा कार्यान्वयनमा रहेको छ । स्थानीय तहका विभिन्न शाखाहरु मार्फत समुदायमा रहेको कुपोषणको व्यवस्थापन गरी पोषण अवस्थामा सुधार ल्याउन सकिन्छ भन्ने मान्यताले पोषणको सम्बन्धी अभियान सञ्चालन गर्न जरुरी छ । सिमित श्रोत साधन र बजेटको संकुचनका कारण समुदायमा रहेका सुनौला हजारदिनका सबै घरपरिवारहरुलाई सेवा प्रवाह र अनुदान प्रदान गर्न नसकिने भएको हुदाँ पिछडिएको क्षेत्र बर्ग र समुदाय छनौट गरी सो समुदायमा रहेका सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरी हरुको समुह गठन गरी पोषण सम्बन्धी गतिविधी सञ्चालन गर्नु नै यो क्रियाकलापको मुख्य उद्देश्य हो । यो क्रियाकलाप खाँडाचक्र नगरपालिकाको तोकिएका वडाहरुमा चालु आ.व. २०८०।८१मा सन्चालन हुनेछ ।

**उद्देश्यः** सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह ग ठन क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- छनौट भएका वडा तथा बस्तीहरुमा सुनौलो हजार दिनका विपन्न आमा तथा किशोरीको समुह गठन गर्ने ।
- सो समुह मार्फत पोषण मैत्री टोल तथा वडा घोषणा अभियान सञ्चालन गर्ने ।
- कुपोषण व्यवस्थापनमा संलग्न व्यक्ति, परिवार, समुदाय र सरोकारवालाहरुको पोषण सम्बन्धी ज्ञान तथा सीप अभिबृद्धि गरी क्षमता विकास गर्ने ।
- दुर्गम तथा पिछडिएको क्षेत्र र समुदायको पहिचान गरी सो मा पोषण सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने ।
- पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन का लागि समुहलाई परिचालन गर्ने ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनका आमा र किशोरीहरुको समुह गठन भई पोषण सम्बन्धी सरोकारवालाहरुको ज्ञान तथा सीप र क्षमता अभिबृद्धिका साथै पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत गुणस्तरीयतामा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नगरपालिका स्वास्थ्य शाखासंगको प्रमुख समन्वयमा सम्बन्धित स्थानीय तहका अन्य शाखाहरु र स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा खाडाचक्र नगरपालिकाको कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः** खाडाचक्र नपाको सबै वडामा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।यस क्रियाकलाप अन्तरगत निम्न क्रियाकलापहरु सञ्चालन हुनेछन । पोषण सहजकर्ता , स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन र सहजीकरणमा समुह गठन गरिने छ । यस्का लागि

- सुनौला हजार दिनका महिला र घरपरिवारको तोकिएको ढाँचामा विवरण संकलन गर्ने ।
- वडा समितिको सहभागितामा समुह गठन गर्ने ।
- समुह सदस्यहरुलाई समुहको उद्देश्य र जिम्मेवारीका बारेमा अभिमुखिकरण गर्ने ।
- समुदायमा सञ्चालन हुने पोषण विभिन्न अभियानमा समुहलाई परिचालन गर्ने ।

- महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत परिवारका सदस्य तथा आमाहरुलाई मुआक मार्फत आ आफ्नो बालबालिकाहरुलाई पोषण लेखाजोखा गर्नको लागि ज्ञान सीप अभिबृद्धि गर्ने र समुदाय स्तरमा स्वस्थ बच्चा र आमाको प्रतिस्पर्धाको आयोजना गर्ने ।
- पोषण लेखाजोखाको अवसरमा पहिचान भएका कुपोषित बालबालिकाहरुको उपचार र व्यवस्थापनका लागि सम्बन्धित बहिरंग उपचार केन्द्रमा पठाउने ।
- वडा र बस्ती तहमा गठन भएका सुनौला हजार दिनका आमा र किशोरी समुहहरुको प्रतिनिधित्व हुने गरी पालिका स्तरीय समुह सञ्जाल गठन गर्ने ।
- समुह सदस्य र सञ्जालहरुका सदस्यहरुको विवरण अध्यावधि गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख ३० हजार बजेटको व्यवस्था गरिएको छ । पालिका र वडा स्तरमा सञ्चालन हुने क्रियाकलापहरुको लागि आवश्यक बजेटको बिस्तृत विवरण वजेट बाडफाडमा उल्लेख गरिएको छ ।

**सन्दर्भ सामाग्रीः** बृहत पोषण प्याकेज तालिम पुस्तिका र फिलिप चार्ट, आईमाम निर्देशिका, पोषण मैत्री स्वास्थ्य संस्था घोषणा निर्देशिका २०७९ र बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन निर्देशिका ।

**अनुगमनः** सम्बन्धित स्थानीय तह, जिल्ला स्वास्थ्य सेवा कार्यालयले कार्यक्रम कार्यान्वय अवधि र पश्चात अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।

**क्रियाकलाप नं. ५:** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पालिका स्तरिय सुचकहरु निर्धारण र स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठी ।

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यस्का चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ । सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

उद्देश्यः पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पालिका स्तरिय सुचकहरु निर्धारण र स्थानीयकरण सम्बन्धी कार्यशाला गोष्ठी मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- पोषण मैत्री स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा नगर स्तरीय समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषण मैत्री स्थानीय शासनका बिधि , प्रक्रिया र सुचकका बारेमा वडा समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषणमैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित कार्य योजना निर्माण गर्ने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय शासन अन्तरगत विभिन्न अभियानहरु सञ्चालन भई तोकिएको वडा चालु आबमा नै पोषण मैत्री वडा घोषणा भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- अभिमुखीकरण तालिमको विषयबस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिम म्यानुअल तयार गर्ने ।
- यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टैरुपमा सञ्चालन हुनेछ । नगरपालिका तहमा नगरका सबै सरोकारवालाहरुको सहभागिता हुनेछ भने वडा तहमा वडाका सबै सरोकारवालाहरुको सहभागिता हुनेछ।अभिमुखीकरणमा पोषण, स्वास्थ्य, सरोकारवालाहरुको भुमिका, काम र जिम्मेवारीका साथै प्रतिबद्धताकाबारे छलफल गर्ने ।
- पोषण मैत्री स्थानीय शासन अबलम्बन गर्ने वडामा १दिने अभिमुखिकरण गर्ने । अभिमुखिकरणमा वडा समितिका पदाधिकारीहरु सबै र अन्य सरोकारवालाहरुलाई सहभागि गराउने । अभिमुखिकरण कार्यक्रममा पोषण मैत्री स्थानीय शासनका सुचकहरु , बिधि र प्रक्रियाका साथै वडा समितिको जिम्मेवारी र कार्य योजनाका बारेमा छलफल गर्नुपर्ने । यस्तो अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएको व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।
- नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचक र न्यूनतम लक्ष्यका बारेमा वडाको अभिमुखिकरणमा छलफल गर्ने ।
- त्यसैले नगरको अभिमुखिकरण पश्चात वडा अभिमुखिकरण गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख ७५ हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं ६:** पोषिलो पिठो ढुवानी र लक्षित समुहलाई बितरण कार्यक्रम

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचकहरु लक्ष अनुशार हाशिल गर्न र बालबालिकामा हुने कुपोषण लाई न्युनिकरण गर्न पालिकाले प्रत्येक स्वास्थ्यय संस्थाहरुमा गर्भवती महिला ६ महिना सम्मो सुत्केरी र ६ महिना देखि २३ महिना सम्मका बाल बालिकाहरुलाई प्रदेश सुकारबाट हुल्म र नाग्म डिपोमा रहेको पोषिलो पिठो प्रत्येक स्वास्थ्यमा ढुवानी गरी लक्षित समुहलाई उपलब्ध गराउन यस कार्यक्रमको जरुरी भएकोले चालु आ व मा सबै लक्षित समुहले पोषिलो पिठो समयमै पायक पर्ने स्थानमा बितरण गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** पोषिलो पिठो ढुवानी र लक्षित समुहलाई बितरण कार्यक्रम उद्देश्यहरु निम्न रहेका छन् ।

- मातृशिशु तथा बाल्यकालिकन पोषण कार्यक्रम नियमित संचालन हुने ।
- लक्षित समुहले संम्बन्धित वडाबाट सहज रुपमा पोषिलो पिठो उपलब्ध हुने ।
- मातृ तथा बालबालिकामा हुने कुपोषण दरमा कमी ल्याउने ।

**उपेक्षित प्रतिफलः** लक्षित समुह सबैले शत प्रतिशत पोषिलो पिठो पाएका हुनेछन र त्यसको प्रयोग लक्षित समुहले गर्को हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुबाट यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः** पोषिलो पिठो ढुवानी कर्ता संग सम्झौता गरी ढुवानी गर्न लगाई प्रत्येक स्वास्थ्य संस्थाको भण्डारमा पुराई हरेक महिनामा बितरण भएको हुनेछ ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ५ लाख बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं. ७:** वडा स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितीका पदाधिकारीहरुलाई पोषण उन्मुख अमुना बस्तिको अवधारणा संबन्धमा अभिमुखिकरण

**परिचयः** सुनौला हजार दिनको घरपरिवारमा नियमित रुपमा स्वच्छ र सुरक्षित खानेपानी उपब्ध गराई पानी जन्य रोगहरुबाट बचाई पोषणको अवस्था सुधार गर्न जरुरी छ । नियमित रुपमा प्रयोग हुदै आईरहेको खानेपानी सुरक्षित भए नभएको एकिन गरी पानी शुद्धिकरण बिधीहरुबारे समितीलाई जानकारी गराई व्यक्तिगत सरसफाई चर्पिको प्रयोग भई व्यबहार परिबर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- समितीका पदाधिकारीहरु सुरक्षित खानेपानी सरसफाई र स्वच्छताबारे जानकार भई समुदयमा सुरक्षित खानेपानी उपलब्ध गराउन सहयोग पुग्नेछ।
- सुरक्षित खानेपानीको प्रयोगले पानी जन्यरोगहरुको दरमा कमी आउने छ ।
- समुदायले सफा र सुरक्षित खानेपानी प्रयोग गरेको हुने छ ।
- पोषण संगै सरसफाई प्रबर्धन भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा सुरक्षित खानेपानी उपलब्ध भई पोषणको अवस्था सुधार ल्याउन र समुदायमा पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुने छ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा खानेपानी तथा सरसफाई शाखा खाडाचक्र नपा कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्न पठाउने

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख २० हजार बजेटको व्यवस्था गरिएको छ

**अभिलेख तथा प्रतिबेदनः** सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**अभिलेख तथा प्रतिबेदनः** सम्बन्धीत स्थानीय तहको खानेपानी तथा सरसफाई शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं. ८:** वडा स्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितीका पदाधिकारीहरुलाई पोषण उन्मुख नमुना बस्तिको अवधारणा संबन्धमा अभिमुखिकरण

**परिचयः** नगरपालिकालाई पोषण मैत्री पालिका घोषणाको आधार तयार गर्न वडा स्तरबाट पोषण मैत्री बस्तिको घोषणा गर्न यो कार्यक्रम संचालन र गर्न जरुरी छ । वडा स्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितीका पदाधिकारीहरु र सरोकारवालहरुलाई पोषण मैत्री पालिकाको अवधारणा बारे अभिमुखिकरण गरी नमसना बस्ती घोयणाको लागी आधार तयार गरिनेछ । पालिकालाई पोषण मैत्री पालिका बनाउने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- वडा स्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समितीको पोषण मैत्री पालिका र पोषण उन्मुख नमुना बस्तीको अवधारणा बारे अभिमुखिकरण गर्ने ।
- पोषण उन्मुख नमुना बस्तीको लागी टोल छनोट गर्ने ।
- पोषण उन्मुख नमुना बस्ती घोषणाका लागी स्रोत पहिचान गर्ने ।
- पोषण उन्मुख नमुना बस्ती छनौट भए पश्चात कार्यक्रम संचालन गर्ने।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री नमुना बस्तीको अवधारणा बारे जानकारी लिई ३षणाका लागि सहयोग पुगेको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा पोषण स्वयं सेवक र बिषयगत शाखाहरु सबै ।

**सञ्चालन प्रकृयाः**

- पोषण तथा खाध्य सुरक्षा निर्देशक समितीको बैठक बोलाई अभिमुखिकरण गर्ने ।
- कार्यक्रममा सहयोगी सरोकारकालाहरु लाई समेत आमन्त्रण गरी अभिमुखिकरण गर्ने ।
- पोषणको बिषय बिज्ञ समेतलाई आमन्त्रण गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख २० हजार बजेटको व्यवस्था गरिएको छ ।

**अभिलेख तथा प्रतिबेदनः** सम्बन्धीत स्थानीय तहको पोषण स्वयं सेवकले सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं ९:** पूर्ण सरसफाई संम्बन्धि अनुगमन चेकलिष्ट फ्लेक्स प्रिन्ट छपाई तथा पोषण उन्मुख नमुना बस्तिका घरधुरीहरुमा राखी नियमित अनुगमन

**परिचयः** पोषण मैत्री पालिका बनाउन सरसफाई क्षेत्र पनि एक महत्वपूर्ण पाटो हुने भएकोके सरसफाईको अवस्था सुधार गर्न जरुरी छ । पोषण उन्मुख टोल घोषणाकालगि छनोई भएको बस्तिमा हरेक घरमा सरसफाईका सुचक पुरा भए नभएको एकिन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- पोषण उन्मुख नमुना बस्तिका सबै घरधुरीमा चेकलिष्ट उपलब्ध गर्ने ।
- सरसफाई चेकलिष्ट अनुशार नियमित अनुगमन गर्ने र पुरा नभएको सुचकहरु पुरा गर्न लगाउने ।

**उपेक्षित प्रतिफलः** पोषण उन्मुख नमुना बस्तिमा पूर्ण सरसफाई भइ पोषण अवस्थामा सुधार हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा खानेपानी तथा सरसफाई शाखा, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- पूर्ण सरसफाईका सूचकरुको फ्लेक्स तयारी गरी पोषण उन्मुख नमुना बस्तिमा बितरण गर्ने ।
- सुचकहरुको नियमित अनुगमन गर्ने

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख बजेटको व्यवस्था गरिएको छ । बजेटको बिस्तृत बार्षिक कार्ययोजना उल्लेख गरीएकोछ ।

**क्रियाकलाप नं १०:** सिमान्तकृत सुनौला हजार दिनका घरपरिवारहरुलाई पोषण कोशिली वितरण र पोषण विशेष सेवा

**परिचयः** जिल्लामा सिमान्तकृत समुदायमा पोषण बिशेष सेवा प्रभावको अवस्था सन्तोषजनक छैन । सिमान्तकृत जनजाति र दलित समुदाय पनि छोटो समयको रोजगारको लागि मौसमी बसाई सराई गरी रहने र स्वास्थ्य संस्थाको पहुचमा नरहने भएकोले यो समुदायमा समेत कुपोषणको दर बढी रहेको छ । यो दुबै समुदायमा स्वास्थ्य तथा सरसफाईको कमी, साक्षरताको कमी, आर्थिक अवस्था कम्जोर र सचेतनाको कमि जस्ता समस्या रहेका छन । यो समुदायलाई नेपाल सरकारबाट प्रदान गरिने स्वास्थ्य सेवाको बारेमा जानकारी नहुने र स्वास्थ्य सम्बन्धी परम्परागत धारणाका कारणले समेत स्वास्थ्य सेवाको पहुच भन्दा बाहिर रहेका छन । खाडाचक्र नगरपालिका क्षेत्र भित्रका सिमान्तकृत समुदायमा पोषण बिशेष सेवाको पहुच र सेवा प्रभाव गरी पोषणको अवस्था सुधार गर्न पोषण बिशेष सेवा कार्यक्रम र पोषण कोशेली वितरण क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** सिमान्तकृत समुदायको लागि पोषण विशेष र पोषण कोशेली वितरण क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- सिमान्तकृत समुदायका ५ बर्ष मुनिका बालबालिकाहरुको कडा शीघ्र कुपोषणको पहिचान, उपचार र व्यवस्थापन गर्ने ।
- सिमान्तकृत समुदायलाई पोषण विशेष सेवाको पहुचमा ल्याउने ।
- पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
- लोपउन्मुख र पिछिडीएको समुदायको पोषण अवस्थामा सुधार ल्याउने ।

**उपेक्षित प्रतिफलः** लोपउन्मुख र सिमान्तकृत समुदायमा पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत समुदायलाई पोषण विशेष सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटसंगको प्रमुख समन्वयमा खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयका साथै र स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा खाडाचक्र नपा कार्यालय , कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- स्वास्थ्य शाखा प्रमुखको नेतृत्वमा सम्बद्ध क्षेत्रको स्वास्थ्य संस्था प्रमुखहरुको बैठक गरी वडाको समन्वयमा क्रियाकलाप गर्ने ।
- लोपउन्मुख र पिछिडीएको समुदायका गर्भवति , सुत्केरी र ५ बर्ष मुनिका बालबालिकाहरुको महिला स्वास्थ्य स्वयं सेविका माफर्त विवरण संकलन गर्ने ।
- लोपउन्मुख र पिछिडीएको समुदायका गर्भवति सुत्केरी र ५ बर्ष मुनिका बालबालिकाहरुको पोषण अबवस्था लेखाजोखा गरी पोषण सामाग्री बितरण गर्ने ।पोषण सामाग्री प्रति परिवार रु १००० को वितरण गर्ने ।
- पोषण सामाग्रीहरुमा दाल, चना, अण्डा. नुन, तेल, तरकारी, फलफूल, साबुन, ब्रस, नङ कट, पोष्टिक, पिठो आदिको प्याकेज बनाई बितरण गर्ने ।
- पोषण लेखाजोखाको अवसरमा सम्बन्धीत समुदायका गर्भवति महिलाकोहरुको भिडियो एक्सरे मार्फत गर्भजाच गर्ने र सुत्केरी महिलाहरुलाई पोषण सेवा प्रदान गर्ने । महिला , बालबालिका र किशोरीहरुलाई भिटामिन ए , आईरन जस्ता पोषण सामाग्री उपलब्ध गराउने ।
- लोपउन्मुख र पिछिडीएको समुदायका गर्भवति , सुत्केरी , ५ बर्ष मुनिका बालबालिका र किशोरीहरुलाई सम्बन्धित स्थानीय तह अन्तरगतको स्वास्थ्य सेवा मार्फत पोषण विशेष सेवामा आवद्धता गर्ने ।
- कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन जिल्ला स्वास्थ्य सेवा कार्यालयलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ४ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं. ११ :** पोषण सुधारका लागी माबि तहका किशोरकिशोरीहरुलाई पोषण अभियानकर्ता तयार पार्न नगरपालिका स्तरको २ दिने तालिम

**परिचयः** खाडाचक्र नगरपालिका क्षेत्र भित्र बालबिबाह न्यूनिकरण गरी किशोरी अवस्थामा हुने गर्भधारण रोक्न र किशोर किशोरीलाई नै परिचालन गरी बाल बिबाह न्यूनिकरण र पोषण अवस्था सुधारको लागि समुदाय र विधालयहरुमा अभियनकर्ता तयार गर्न नगर पालिका र विद्यालय तहमा किशोर किशोरीहरुको सन्जाल निर्माण गरी परिचालन गर्न आवश्यक छ। बालबालिका र किशोर किशोरीकै समस्या उनीहरुकै सहभागिता र सक्रियतामा समाधान गरी सुरक्षित भविश्य निर्माणको लागि यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** पोषण सुधारको माबि तहका किशोर किशोरीलाई पोषण अभियानकर्ता तयार पार्न नगरपालिका स्तरको २ दिने तालिम संञ्चालन क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- पोषण सुधारको लागि माबि तहका किशोर किशोरीलाई पोषण अभियानकर्ता तयार पार्ने ।
- किशोर किशोरी मार्फत बाल बिबाह न्यूनिकारणका लागि प्रतिद्धता सहित अभियान सञ्चालन गर्ने ।
- बिद्यालयका किशोर किशोरीलाई पोषण , स्वास्थ्य , बाल बिबाहका असर , जीवन उपयोग सीप र पोषण मैत्री अभियानकाबारेमा अभिमुखीकरण गर्ने ।
- विद्यालयमा पोषण नमुना बगैचा र पोषण प्रदर्शनी स्थलको व्यवस्थापन गर्ने ।

**उपेक्षित प्रतिफलः** पोषण सुधारको लागि माबि तहका किशोर किशोरीलाई पोषण अभियानकर्ता को रुपमा तयार पारी किशोर किशोरी मार्फत बाल बिबाह न्यूनिकारणका लागि प्रतिद्धता सहित समुदायमा अभियान सञ्चालन भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा शिक्षा र महिला बालबालिका शाखाको समन्वयमा सम्बन्धित वडा कार्यालय र बिद्यालयहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- शिक्षा शाखा प्रमुखको नेतृत्वमा सम्बद्ध सरोकार क्षेत्रको र विधालयका प्रमुखहरुको बैठक गरी वडाको समन्वयमा क्रियाकलाप गर्ने ।
- अभिमुखीकरण तालिमको विषयबस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिम म्यानुअल तयार गर्ने ।
- नगरपालिका क्षेत्रका सबै माबि बाट २ जना बिद्याथी र १ जना शिक्षकको सहभागिता हुने गरी २ दिने पोषण अभियानकर्ता सम्बन्धी नगर स्तरीय तालिमको आयोजना गर्ने । सो तालिममा पोषण , स्वास्थ्य, पोषण अभियानकर्ताको भुमिका, काम र जिम्मेवारीका साथै प्रतिबद्धताकाबारे छलफल गर्ने ।
- सहभगि छनौट गर्दा स्वयंसेबक भै पोषणको अभियानकर्ताको रुपमा काम गर्न ईच्छुक, अरुलाई प्रभाव पार्न सक्ने किशोर किशोरीको छनौट गर्नुपर्नेछ ।
- किशोर किशोरीकले तालिम पश्चात के के काम गर्ने सोको कार्य योजना र प्रतिबद्धता समेत गर्ने ।
- किशोर किशोरीले आफ्नो स्कूल, गाउ र घरपरिवारमा पोषणका बारेमा चेतना अभिबृद्धि गर्नुपर्ने छ ।
- विध्यालयमा पोषण नमुन बगैचा र पोषण कर्नर स्थापनाको प्रतिबद्धता गर्ने र साथै विध्यालयमा भएका सबै किशोर किशोरीलाई २० बर्ष अघि बिबाह नगर्ने प्रतिबद्धता गराउने र सो प्रतिबद्धतामा सामुहिक हस्ताक्षर गराई विद्यालयमा राख्ने ।
- सबै विधालयहरुमा पोषण, स्वास्थ्य, बाल बिबाहका असर, जीवन उपयोग सीप र पोषण मैत्री अभियानकाबारेमा अभिमुखीकरण गर्ने ।
- यो तालिममा सबै शाखा जस्तै स्वास्थ्य, महिला लगायत अन्य शाखाको समेत सहभागिता हुने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख बजेटको व्यवस्था गरिएकोछ। बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ

**क्रियाकलाप नं १२:** बालबिबाह न्युनिकरणका लागि सचेतनामुलक कार्यक्रम

**परिचयः** नगरपालिकालाई पोषण मैत्री पालिका घोषणाको आधार तयार गर्न पालिकामा भइरहेको बाल बिबाहलाई न्युनिकरण गरि मातृ तथा बाल पोषणको अवस्थामा सुधार ल्यउन यस कार्यक्रम संचालन गर्न जरी रहेको छ । यस कार्यक्रमलाई उच्च बाल बिबाह भएको समुदायको छनोट गरी सरोकारवालाको सहभागितामा यो कार्यक्रम संचालन गर्नुपर्ने छ । यस कार्यक्रमले बाल बिबाहको न्युनिकरण हुनुका साथै बाल तथा मातृ पोषणमा सुधार गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका निम्न उद्देश्यहरु निम्न रहेका छन् ।

- समुदायमा बालबिबाह न्युनिकरण हुनेछ ।
- सरोकारवालहरुलाई बालबिबाहले हुने स्वास्थ्य संम्बन्धि समस्याको बारेमा जानकारी भएको हुनेछ ।
- मातृ तथा बाल पोषणमा सुधार भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** समुदामा बाल बिबाहमा कमी आई मातृ तथा बाल पोषणमा सुधार भइ मातृ तथा बाल मृत्यु दरमा कमी आउनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा महिला तथा बालबालिका शाखा खाडाचक्र नपा कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको महिला तथा बालबालिका शाखा प्रमुखको नेतृत्वमा बालबिबाह संग समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
- पछाडी परेको समुदायमा यस कार्यक्रमको आयोजना गरी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।
- कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख २० हजार बजेटको व्यवस्था गरिएको छ ।बजेटको बिस्तृत बार्षिक कार्ययोजना उल्लेख गरीएकोछ ।

**क्रियाकलाप नं. १३:** कृषक समुह गठन घरयासी खाद्यान्न उत्पादन सम्बन्धी १ दिने तालिम पोषिलो तरकारीको मिनीकिट बिउ बितरण

**परिचयः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा मौसम अनुसारका हरियो तरकारको उपभोग बढाई पोषणको अवस्था सुधार गर्न जरुरी छ । बजार सेवाको पहुच नभएकोले दैनिक रुपमा तरकारी उपभोग हुन सकेको छैन । यसै अवस्थालाई मध्यनजर गरी सुनौला हजार दिनका घरपरिवारमा करेसावारी निर्माणका लागि स्थलगत तालिम र मिनिकिट वितरण गरी बर्ष भरी नै मौषम अनुसारको तरकारी उत्पादन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** एक घर एक करेसावारी क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई करेसाबारी निर्माण र व्यवस्थापनका लागि स्थलगत तालिम प्रदान गर्ने ।
- एक घर, एक करेसाबारी अभियान सन्चालन गरी दैनिक आबश्यक पर्ने तरकारीको उपयोग बृद्धि गरी पोषणको अबस्थामा सुधार ल्याउने ।
- बर्ष भरी नै तरकारी उपभोगको सुनिश्चित गरी पोषणको अवस्थामा सुधार ल्याउने।
- पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
- पिछिडीएको समुदायका सुनौला हजार दिनका घरपरिवारमा पोषण अवस्थामा सुधार ल्याउने ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा मौसम अनुसारका हरियो तरकारको उपभोग बढाई पोषणको अवस्था सुधार ल्याउने र समुदायमा पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा कृषि विकास शाखा खाडाचक्र नपा कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको कृषि शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने ।
- सुनौलो हजार दिनको तथ्याँक अनुसार आबश्यक पर्ने सिजन अनुसारको बिउका लागि बिक्रेता छनौट गरी आपूर्ति गर्ने ।
- तरकारीको किट बितरण गर्दा सुनौलो हजार दिनका आमाहरुको समुह बनाई बितरण गर्ने ।
- सुनौलो हजार दिनका ५५० घरपरिवारलाई तरकारीको किट बितरण गर्ने ।
- स्थलगत अभिमुखिकरण पश्चात तरकारीको किट बितरण गर्ने ।
- स्थलगत अभिमुखीकरणमा तरकारी रोप्ने , व्याड बनाउने, बेर्ना तयारी र तरकारीको उपभोग, महत्वका साथै पोषणको बारेमा आमाहरुलाई परामर्श गर्ने । सकिन्छ भने कुनै एउटाको घरमा बिउको व्याड निमार्ण को प्रयोगात्मक अभ्यास गराउने । परार्मश पछि सहभागिहरुलाई करेसाबारीको लागि मिनि किट वितरण गर्ने ।
- समुहमा अगुवा किसानको छनौट गरी करेसाबारी सम्बन्धी थप सहयोग र सहजीकरणका साथै अनुगमनको जिम्मेवारी दिने ।
- कृषि शाखाबाट नियमित रुपमा करेसाबारी र तरकारी उपभोग सम्बन्धी अनुगमन गर्ने ।
- बिउ बितरणको भरपाईको रेर्कड गर्नुपर्ने छ ।
- कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ६ लाख ५५ हजार बजेटको व्यवस्था गरिएको छ ।बजेटको बिस्तृत बार्षिक कार्ययोजना उल्लेख गरीएकोछ ।

**अभिलेख तथा प्रतिबेदनः** सम्बन्धीत स्थानीय तहको कृषि विकास शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं १४:** सुनौलो १००० दिनका घरपरिवारलाई कुखुराका चल्ला तथा खोर सहयोग (५ वटाका दरले)

**परिचयः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा पशुपन्छी जन्य श्रोतको परीपुर्ती र यसको उपभोग दर बढाई पोषणको अवस्था सुधार गर्न जरुरी छ । बजार सेवाको पहुच नभएकोले दैनिक रुपमा अण्डा माशु लगायतका पशुपन्छी जन्य बस्तुको उपभोग हुन सकेको छैन । यसै अवस्थालाई मध्यनजर गरी सुनौला हजार दिनका घरपरिवारमा कुखुराको चल्ला बितरण गरी अण्डा र माशु उत्पादन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- सुनौला हजार दिनका घरपरिवारका सदस्यहरुलाई कुखुराको खोरहरु तयार गर्ने र व्यवस्थापनका लागि स्थलगत तालिम प्रदान गर्ने ।
- एक घर, एक कुखुरा खोर अभियान सन्चालन गरी दैनिक आबश्यक पर्ने पशुपद्दछी जन्य श्रोतको उपयोग बृद्धि गरी पोषणको अबस्थामा सुधार ल्याउने ।
- बर्ष भरी नै अण्डा र माशुको उपभोगको सुनिश्चित गरी पोषणको अवस्थामा सुधार ल्याउने।

- पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
- पिछिडीएको समुदायका सुनौला हजार दिनका घरपरिवारमा पोषण अवस्थामा सुधार ल्याउने ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा पशुपन्छीजन्य खानाको आवश्यक्ता अनुसार उपभोग बढाई पोषणको अवस्था सुधार ल्याउने र समुदायमा पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा पशु विकास शाखा खाडाचक्र नपा कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको पशु शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्यांक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने ।
- सुनौलो हजार दिनको तथ्याँक अनुसार कुखुराका चल्ला बिक्रि गर्ने व्यवसायीक फर्मको छनौट गरी आपूर्ति गर्ने ।
- कुखुराका चल्ला बितरण गर्दा सुनौलो हजार दिनका आमाहरुको समुह बनाई बितरण गर्ने ।
- सुनौलो हजार दिनका ५०० घरपरिवारलाई कुखुराका चल्ला बितरण गर्ने ।
- पशु शाखाबाट नियमित रुपमा पशुपन्छीजन्य खानाको उपभोग सम्बन्धी अनुगमन गर्ने ।
- कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ९ लाख १० हजार बजेटको व्यवस्था गरिएको छ । बजेटको बिस्तृत बार्षिक कार्ययोजना उल्लेख गरीएकोछ ।

**क्रियाकलाप नं. १५:** आमा समुहको बैठमा स्वास्थ्य घरयासी खाध्यान्न उत्पादन पूर्ण सरसफाई तथा पोषणको महत्व संम्बन्धि अन्तरक्रिया कार्यक्रम

**परिचयः** सुनौला हजार दिनका महिलाहरुको सहभागितामा आफ्नो घर तथा समुदायमा पाईने स्थानिय रैथाने खाध्यन्न बालीको अधिकतम प्रयोग बढाई बजारिया पत्रु खानाको प्रयोगमा कमी ल्याई आमा बालबालिका किशोरकिशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन आमा समुहको बैठकमा छलफल तथा अन्तरक्रिया गरी रैथाने बालीको उपभोग बढाई पोषणको अवस्था सुधार गर्न जरुरी छ । बजार सेवाको पहुच समुदायमा बढेको र समुदायमा बस्ने ब्यक्तीहरु चाउचाउ चाउमिन बिस्कुट जस्ता अखाध्य बस्तुको प्रयोग बढ्दो अवस्थालाई मध्यनजर गर्दै यस कार्यक्रमले आफैले उत्पादन गरेका खाध्य बस्तुको प्रयोगले सुनौला हजार दिनका घरपरिवारमा पोषण व्यबहार परिबर्तन गर्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- सुनौला हजार दिनका घरपरिवारका सदस्यहरु स्थानिय खाध्यन्न बालीको समुचित उपभोग बारे चेतना अभिबृद्धी गराउने ।
- पसलमा पाईने पत्रु तथा अखाध्य खानाको सेवनमा कमी हुने ।
- स्थानिय खाध्य बस्तुको उपभोगको सुनिश्चित गरी पोषणको अवस्थामा सुधार ल्याउने।
- पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
- समुदायका सुनौला हजार दिनका घरपरिवारमा पोषण अवस्थामा सुधार ल्याउने ।
- पोषण संगै सरसफाई प्रबर्धन भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** सुनौला हजार दिनको घरपरिवारमा दैनिकरुपमा स्थानिय खाध्यान्न बालीको उपभोग बढाई पोषणको अवस्था सुधार ल्याउने र समुदायमा पोषण संबेदनशिल अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन मार्फत सिमान्तकृत समुदायलाई पोषण संबेदनशिल सेवाको पहुचमा ल्याई सो समुदायको पोषणको अवस्थामा सुधार भएको हुने छ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा र सम्बन्धित वडा कार्यालयहरुसँगको सहकार्यमा स्वास्थ्य शाखा खाडाचक्र नगरपालिकाको कार्यालय, कालिकोट ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रम सञ्चालन गर्नको लागि सम्बन्धीत स्थानीय तहको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु र शाखा प्रमुखको नेतृत्वमा स्थलगत तालिममा समाबेस गर्ने विषयबस्तु विधि र प्रक्रिया समेटिएको तालिम म्यानुअल तयार पार्ने ।
- बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन हुने वार्डका सुनौला हजार दिनको घरपरिवारको तथ्याँक स्वास्थ्य शाखाको सहयोगमा संकलन गर्ने ।
- कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन तयार गरी पोषण सम्पर्क व्यक्तिलाई पठाउने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख बजेटको व्यवस्था गरिएको छ । बजेटको बिस्तृत बार्षिक कार्ययोजना उल्लेख गरीएकोछ ।

**अभिलेख तथा प्रतिबेदनः** सम्बन्धीत स्थानीय तहको स्वास्थ्य शाखाले यस कार्यक्रम सँग सम्बन्धित सबै क्रियाकलापहरुको अभिलेख राख्नु पर्नेछ र यस कार्यक्रमसँग सम्बन्धी प्रतिबेदन नगरपालिकामा पठाउनु पर्नेछ।

**क्रियाकलाप नं. १६ :** पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीलाई पोषण मैत्री पालिका घोषणा सम्बन्धी अभिमुखिकरण

**परिचयः** खाँडाचक्र नगरपालिकालाई पोषण मैत्री पालिका घोषणा गरी नगरलाई स्वास्थ्य र समृद्ध नगरपालिका बनाउन पोषण क्षेत्रमा सुधार गरी आमा बालबालिका किशोरकिशोरीहरुको पोषण अवस्थामा सुधार ल्याई बित्धबान अवस्थामा रहेको कम तौल ,कम उचाई , ख्याउटेपना र रक्त अल्पतालाई बर्तमान अस्थालाई कमी ल्याउन आवस्यक निती नियम बजेट व्यवस्थापन र पोषण मैत्री पालिका बनाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न मार्गनिर्देश गर्न समुदाय स्तरका कार्यक्रमको प्रभाकारीता अनुगमन मुल्यांकन तथा आवश्यक पृष्ट पोषण प्रदान गर्न यस

कार्यक्रमको जरुरी छ । पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीलाई पोषणको महत्व र बहुक्षेत्रिय समन्वयको बारेमा जानकारी दिई पालिका भर तोकिएको टोलमा यो कार्यक्रमलाई प्रभाकरी रुपमा संचालन गर्न यो क्रियाकलाप आवश्यक रहेको छ ।

**उद्देश्यः** यस कार्यक्रमका मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीका पदाधिकारीहरुले पोषणको महत्व र बहुक्षेत्रिय समन्वयबारे जवानकारी पाउने छन ।
- पालिकालाई पोषण मैत्री पालिका बनाउन बहुक्षेत्रिय पोषण कार्यक्रम बिस्तार गर्न सहजता आउनेछ ।
- पोषण विशेष अभियान तथा क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी पोषणको गुणस्तरीयतामा सुधार ल्याउने ।
- लोपउन्मुख र पिछिडीएको समुदायको पोषण अवस्थामा सुधार ल्याउने ।

**उपेक्षित प्रतिफलः** महिला बालबालिका किशोरकिशोरीको पोषण अवस्थामा सुधार ल्याई टोल वडा हुदै पालिका पोषण मैत्री हुने र समग्र स्वास्थ्य अवस्थामा सुधार आएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको पोषण स्वयं सेवक र स्वास्थ्य शाखा कालिकोट ।

**सञ्चालन प्रकृयाः** नगर प्रमुखको संयोजकत्वमा रहेको पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीका सदस्यहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख ७३ हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं. १७:** स्थानिय एफ एम बाट पोषण सम्बन्धि जिङ्गल प्रसारण तथा संचारक्रर्मीहरुलाई पोषण कार्यक्रम बारे अभिमुखिकरण

**परिचयः** खाडाचक्र नगरपालिका क्षेत्र भित्र बालबिबाह न्यूनिकरण गरी किशोरी अवस्थामा हुने गर्भधारण रोक्न र किशोर किशोरीलाई नै परिचालन गरी बाल बिबाह न्यूनिकरण पोषण युक्त खानाको प्रयोग स्थानिय रैथाने बालिको प्रयोग हरेकबार खाना चार र बालबालिकाको नियमित बृद्धि अनुगमन गर्न सन्देश प्रशारण गर्न र संचारकर्मीहरुलाई पोषण अवस्थाबारे जानकारी दिन यो कार्यक्रमको आवश्यक छ । स्थानिय एफ एम हरुबाट स्थानिय भाषामा जिंङ्गल तयार गरी प्रसारण गर्नका लागि यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** यस क्रियाकलापको मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- समुदायमा पोषण संम्बन्धी संन्देश प्रसारण हुनेछ ।
- पोषणका बारेमा संचारकर्मीहरु जानकार हुनेछन ।
- स्थानिय भाषामा पोषण संग संबन्धित जिंङ्गल तयार भइ नियमित प्रसारण भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** पोषण सुधारको लागि समुदायमा सुचना प्रवाह भई खानामा खाध्य बिबिधता भइ पोषण अवस्थामा सुधार आउन सहयोग पग्नेछ । २ बर्ष मुनिका बालबालिकाहरुको नियमित बृद्धि अनुगमन भई बालबालिकामा हुने न्यु पोषणमा कमी आउने छ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपा सुशासन शाखाको समन्वयमा सम्बन्धित संचारकर्मी र स्थानिय रेडियोहरुको सहभागितामा क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः** कार्यक्रमको फोकल व्यक्तीले संचारकर्मीहरु संग समन्वय गरी पालिका स्तरमा क्रियाकलाप गर्ने । अभिमुखीकरण कार्यक्रम एक पटक पालिकामा तयार गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं १८:** सासु बुहारी अन्तरक्रिया कार्यक्रम तथा सम्मान कार्यक्रम ।

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यस्का चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ । सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सासु बुहारी अन्तरक्रिया कार्यक्रम पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरु निम्न रहेका छन् ।

- सासु बुहारी अन्तरक्रिया कार्यक्रमले सुनौला १००० दिनका आमाहरुको कार्यबोझ न्युनिकरण भइ बालबालिकाको पोषण स्थितीमा सुधार हुनेछ ।
- पोषण मैत्री स्थानीय शासनका बारेमा समुदायमा रहेका ब्यक्तीहरुको जानकारी लिई बिधि, प्रक्रिया र सुचकका बारेमा वडा समिति र सरोकारवालालाई जानकारी गराउने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री पालिका बनाउन यस कार्यक्रमले महत्वपूर्ण भुमिका खेरी मातृ तथा बाल पोषणमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र महिला तथा बालबालिका शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम विषयबस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा कार्यक्रम गर्ने ।
- यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टैरुपमा सञ्चालन हुनेछ बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।
- सो अभिमुखिकरणले तय गरेका सुचक र न्यूनतम प्राप्ती गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख २० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं १९:** स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रम

**परिचयः** पोषणमैत्री स्थानीय तह घोषणाका लागी आधार तयार गर्न एक महत्वपूर्ण कार्यक्रमको रुपमा यो कार्यक्रम संचालन गर्न जरुरी देखिएको छ । पालिकाका ११ वटा वडाहरुमा रहेका २ बर्ष मुनिका बालबालिकाहरु मध्ये स्वस्थ बालबालिकाको छनोट गर्ने र समुदायमा सकारात्मक तथा स्वच्छ प्रतिष्पर्धा गराई समग्ररुपमा बालबालिकाहो पोषण स्थितीमा सुधार ल्याउन सहयोग भइ वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** यो कार्यक्रमको उद्देश्यहरु निम्न रहेका छन् ।

- वडा तथा टोलहरुमा रहेका २ बर्ष मुनिका बालबालिकाहरु बिच प्रतिस्पर्धा गराई पुरस्कृत गर्ने र बालबालिकाका आमाहरुलाई पोषिलो खानाको बारेमा जानकारी दिई पोषण युक्त खानपानको बारेमा जानकारी पाउने छन् ।
- बालबालिकाको नियमित बृद्धि अनुगमन बढाउने ।
- पोषणमैत्री वडा घोषणाको लागि थप सहयोग पुग्ने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री पालिका घोषणाका लागी सबै वडाहरुमा यो कार्यक्रम संचालन भइ सुनौला १००० दिनका आमाहरुमा सकारात्मक परिबर्तन आएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा सम्बन्धित वडा रहेका स्वास्थ्य संस्थाहरु र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- कार्यक्रमको बारेमा आमा समुहमा यस कार्यक्रमको बारेमा व्यापक छलफल भई प्रचार प्रसार गर्ने ।
- यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टैरुपमा सञ्चालन हुनेछ । वडा तथा समुदाय स्तरमा यस कार्यक्रमले स्वस्थ बच्चा र स्वस्थ आमाको अवधारणामा सुदायमा रहेका सम्पूर्ण सुनौलो १००० दिनका आमाहरुले बालबालिकाको स्वास्थ्यको लागी आ आफ्नो भुमिका, काम र जिम्मेवारीका साथै प्रतिबद्धताकाबारे छलफल गर्ने ।
- स्वस्थ बालक तथा बालिकालाई सम्मान गर्ने र अन्य बालबालिकाको आमाहरुलाई आगामी दिनहरुमा पुरस्कृत हुन अभिप्रेरित गर्ने ।
- नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचक र न्यूनतम लक्ष्यका बारेमा वडाको अभिमुखिकरणमा छलफल गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु २ लाख २० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं. २०:** वडा स्तरिय बाल क्लवका सदस्यहरुलाई पोषण मैत्री पालिका तथा स्वास्थ्य संम्बन्धि तालिम कार्यक्रम

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक प्राप्त गर्न स्वास्थ्य शिक्षा कृषि पशु सेवा महिला तथा बालबालिका शुसासन क्षेत्र लगायतमा संलग्न व्यक्ती समुह मात्रले नसकिने यसमा सरोकारवाला सबैको आ बफ्नो तह र तप्काबाट सहयोग गर्न जरुरी भएकोले वडा स्तरिय बाल क्लबहरुका पदाधिकारी तथा सदस्यहरुलाई पोषण मैत्री पालिकाको अवधारणा सम्बन्धमा बुझाउन र यस महा अभियानमा एक्यबद्धता गराउन

तालिम दिन जरुरी छ ।यस्का चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ । वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरु निम्न रहेका छन् ।

- पोषण मैत्री स्थानीय शासनका बिधि , प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा वडा स्तरीय बाल क्लवलाई जानकारी गराउने ।
- पोषण मैत्री स्थानीय शासनका बिधि, प्रक्रिया र सुचकका बारेमा वडा सरोकारवालालाई जानकारी गराउने ।
- पोषणमैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित बाल क्लवलाई परिचालन गर्ने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय शासन अन्तरगत विभिन्न अभियानहरु सञ्चालन अन्तर्गत बाल क्लबहरु परिचालन भइ पोषण मैत्री वडा घोषणामा सहयोग भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- अभिमुखीकरण कार्यक्रम बिषयगत शाखामा कार्यरत कर्मचारीहरुको सहभागितामा तालिमको विषयबस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिमको एजेण्डा तयार गर्ने ।
- यो क्रियाकलाप नगरपालिका र वडा तहमा छुट्टा छुट्टैरुपमा सञ्चालन हुनेछ । अभिमुखीकरणमा पोषण, स्वास्थ्य, सरोकारवालाहरुको भुमिका, काम र जिम्मेवारीका साथै प्रतिबद्धताकाबारे छलफल गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख ३० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं २१ः** पोषण उन्मुख नमुना टोलको खानेपानीको गुणस्तर परिक्षण कार्यक्रम

**परिचयः** पोषण स्थितीलाई सुधार गर्न शुद्ध खानेपानीको महत्वपूर्ण भुमिका हुने भएकोले पोषणमैत्री स्थानीय तहको अवधारणा सुचकहरु प्राप्त गर्न पोषण मैत्री टोल बनाउनका लागी समुदायमा प्रयोग गरिरहेको खानेपानीको गुणस्तर जाँच गरी शुद्ध खानेपानीको उपलब्धता सुनिश्चित गर्न यस कार्यक्रमको जरुरी छ ।

**उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरु निम्न रहेका छन् ।

- समुदायमा शुद्ध खानेपानीको उपलब्धता भएको हुनेछ ।
- पोषण मैत्री स्थानीय तहका लागी सहयोग पुग्नेछ ।
- पोषणमैत्री वडा घोषणाको लागि सहयोग पुग्नेछ ।

**उपेक्षित प्रतिफलः** समुदायमा खानेपानीको उपलब्धता भई पानी जन्यरोगमा कमी आई सुनौला १००० दिनका आमा बालबालिकाहरुको पोषण स्थितीमा सुधार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र खानेपानी तथा सरसफाई शाखाबाट यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृया:**

- खानेपानीको परिक्षण गर्नका लागी मुहान आबिटी धारा र घरमा भएको पानीको नमुना संकलन गरी पालिकामा रहेको पानी परिक्षण ल्यावमा ल्या पानीको जाँच गर्ने।
- पानिको गुणस्तरको अवस्था बारे समुदायलाई जानकारी गर्ने ।
- खानेपानी दुषित भएमा शुद्धिकरणका लागी चाहीने क्लोरिनको प्रयोग र अन्य बिधीबाट पानी शुद्धिकरण गरी सुरक्षित पानी उपलब्ध गराउने ।
- शुद्ध खानेपानी तथा सरसफाईको बारेमा अन्तरक्रिया तथा समुदायलाई प्रतिबद्धता गराउने ।

**बजेट बाडफाँड:** यस कार्यक्रमको लागि रु १ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ। बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं २२:** पोषण सम्बन्धि होडिङ्ग बोर्ड भित्ते लेखन

**परिचय:** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यस्का चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ । सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्य:** यस कार्यक्रमका उद्देश्यहरु निम्न रहेका छन् ।

- समुदायमा रहेको चौतारी धेरै ब्यक्तीहरु जम्मा हुने स्थानहरुमा पोषण सम्बन्धी सुचना व्यवहारहरुको सूचना प्रवाह गर्ने ।
- समुदायमा रहेका ब्यक्तीहरुले पोषण मैत्री पालिका गाउँ तथा टोलहरुको अवधारणा बारे जानकारी सन्देश प्रदान गर्नु ।

**उपेक्षित प्रतिफल:** पोषण मैत्री पालिका वडा र टोलहरु घोषणाका लागी समुदायमा सूचना पुराउन सहज भएको हुने छ ।

**कार्यान्वयन गर्ने निकाय:** खाडाचक्र नपाको समन्वयमा सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृया:**

- नगरपालिकाका बिषयगत शाखाहरुबाट पोषण मैत्री पालिकाका सूचक तथा सुचनाहरु आर्टलाई उपलब्ध गराई भित्ते लेखन तथा होर्डिङ्ग बोर्ड हरु पालिकाका महत्वपूर्ण स्थानहरुमा राख्ने ।
- नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचकहरुको होर्डिङ्ग बोर्ड तयार गरी वडा कार्यालय स्वास्थ्य संस्था बजार क्षेत्रमा राख्ने ।

**बजेट बाडफाँड:** यस कार्यक्रमको लागि रु २ लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ।

**क्रियाकलाप नं. २३:** किशोरीहरुलाई आईरन फोलिक बितरण तथा बिद्यालय स्वास्थ्य कार्यक्रम बारे बिद्यालय नर्स स्वास्थ्य शिक्षक र प्र.अ.हरुलाई अभिमुखिकरण कार्यक्रम

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यस्का चरणको बारेमा सरोकारवाला सबैलाई जानकारी हुन जरुरी छ ।किशोरीहरुमा हुने रक्तअल्पतामा कमी ल्याउन र हाल बिद्यालमा बितरण हुँदै आएको आईरन चक्कीलाई थप व्यवस्थित र नियमित आईरन चक्की खाने दरमा बृद्धि गराउन र सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः** किशोरीहरुलाई आईरन फोलिक बितरण तथा बिद्यालय स्वास्थ्य कार्यक्रम बारे बिद्यालय नर्स स्वास्थ्य शिक्षक र प्र.अ.हरुलाई अभिमुखिकरण कार्यक्रम मुख्य उद्देश्यहरु निम्न रहेका छन् ।

- पालिकामा रहेका सम्पूर्ण बिद्यालयका प्रधानाध्यापक स्वास्थ्य बिषय पढाउने शिक्षक र बिद्यालय नर्स भएका बिद्यालय नर्सहरुले आइरन चक्की बितरण कार्यक्रको सरोकारवालहरुको अपनत्वमा बृद्धि हुने ।
- किशोरीहरुले नियमित रुपमा आईरन चक्की खाने संख्यामा बृद्धि हुनेछ ।
- किशोरीमा हुने रक्तअल्पतामा कमी हुनेछ ।
- किशोरीहरुको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ ।

**उपेक्षित प्रतिफलः** किशोरीहरुमा हुने रक्तअल्पतामा उल्लेख्य कमी आई पोषण मैत्री पालिका घोषणा भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा पालिका स्तरमा बिद्यालयको सहकार्यमा शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाईमा सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- अभिमुखीकरण तालिमको विषयबस्तु र विधि प्रक्रियाका बारेमा विज्ञहरुको सहजिकरणमा तालिम म्यानुअल तयार गर्ने ।
- यो क्रियाकलाप नगरपालिका बिद्यालयहरुबाट पअ स्वास्थ्य शिक्षक र बिद्यालय नर्सको उपस्थितीका पालिका तहाम समुह समुहमा छुट्टा छुट्टैरुपमा सञ्चालन हुनेछ ।
- पोषण मैत्री स्थानीय शासन अबलम्बन र किशोरीहरुको आईरन चक्की को महत्व र यसले पोषण स्थिती सुधारमा पुराउने सहयोगको बारेमा अभिमुखिकरण गर्ने । यस्तो अभिमुखीकरणका लागि पोषण मैत्री स्थानीय शासनको बारेमा तालिम लिएको व्यक्ती वा बहुक्षेत्रीय पोषण योजनाको संयोजकलाई परिचालन गराउने ।
- नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको अभिमुखिकरण पछि सो अभिमुखिकरणले तय गरेका सुचक र न्यूनतम लक्ष्यका बारेमा वडाको अभिमुखिकरणमा छलफल गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

## ख कार्यक्रम संचालन तथा व्यवस्थापन

**क्रियाकलाप नं १:** कार्यक्रमको अनुगमन तथा मुल्यांकन

**परिचयः** पोषणमैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री स्थानीय तहको अवधारणा सुचक र यस्का चरणको बारेमा सुधार हुदै गएको तथा कार्यक्रम कार्यान्वनकोको अवस्थाको बारेमा जानकारी लिन र आवश्यक्तामा पृष्टपोषण प्रदान प्रदान गर्न यो कार्यक्रमको जरुरी छ । सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- कार्यक्रम कार्यान्वयनको अवस्थामा सुधार गर्न सहयोग पुग्नेछ ।
- आवश्यक्ता अनुशार पृष्टपोषण प्रदान गर्न सजिलो हुनेछ ।
- नियमित अनुगमन र मुल्यांकनले लक्ष प्राप्त गर्न सहज हुने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय तह घोषणाका लागी सहयोग पुग्नेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- सुपरिबेक्षण तालिका बनाई सोही अनुशार अनुगमन गर्ने ।
- सरोकारवालाहरुको सहभागितामा पोषण उन्मुख टोल तथा वडामा अनुगमन गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १ लाख १७ हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं २:** पोषण उन्मुख अमुना बस्तिको प्रगती समिक्षा बैठक

**परिचयः** पोषणमैत्री स्थानीय तह घोषणाका लागी पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीले छनोट गरेको टोलमा पोषण मैत्री स्थानिय तह घोषणाका लागी बहुक्षेत्रिय पोषण कार्यक्रम बिस्तार कार्यक्रमका क्रियाकलापहरु संचालन गरिने छन । कार्यक्रम संचालन भएका टोलहरुमा संचालित कार्यक्रमको प्रभाकारिता तथा प्रगतीको बारेमा त्रैमासिक रुपमा समिक्षा गर्न यो कार्यक्रमको जरुरी छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन गरिएको हो ।

**उद्देश्यः**

- कार्यक्रमको प्रगती समिक्षा गर्ने ।
- कार्यक्रम कार्यान्वयनमा भएका कमिकमजोरी पत्ता लगाई समस्या समाधानका उपायहरु पत्ता लगाउने ।
- पोषणमैत्री वडा घोषणाको लागि सहयोग पुराउने।

**उपेक्षित प्रतिफलः** चालु आ ब मा नै पोषण मैत्री वडा घोषणा भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा  सम्बन्धित वडा कार्यालय र सबै शाखाहरुको सहभागिता र समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- प्रगती ता हाल सम्म प्राप्त सूचकहरुको समिक्षा गरी बिश्लेषण गर्ने ।
- प्राप्त गर्न नसकेका सूचकहरुको प्राप्तीको लागी कार्य योजना तयार गर्ने ।
- क्रियाकलाप कार्यान्वयनमा भएका समस्या बेलैमा पहिचान गरी समाधानको मार्ग पहिल्याई कार्यान्वयन गर्ने ।

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु १ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

**क्रियाकलाप नं ३:** कार्यक्रमसंचालनका लागी परामर्श दाता खर्च

**परिचयः** पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रमको सफल कार्यान्वयनका लागि यस कार्यक्रमको बिषय बिज्ञ को रुपमा परामर्श सेवामा बिज्ञ नियुक्त गरी कार्यक्रम कार्यान्वयनमा प्रबिधिक सहजिकरणका लागी यो कार्यक्रमको जरुरी छ । सरोकारवाला सबैले पोषणमैत्री स्थानीय शासन महत्व र आवश्यक्ताका बारेमा थाह पाएमा मात्र यो अभियानमा सबैको समर्थन हुन्छ र तोकिएकै समयमा अभियान पुरा गर्न सकिन्छ । नगर र वडा तहका सरोकारवालाहरु सबैलाई पोषणमैत्री स्थानीय शासनको अबधारणाका बारेमा जानकारी गराई वडा घोषणाको लागि आवश्यक तयारी गर्न सजिलो होस र चालु आब भित्र नै वडा घोषणा गर्न प्राबिधिक सहजिकरणका लागी सजिलो होस भन्ने उद्देश्यले यो क्रियाकलाप सञ्चालन रखिएको हो ।

**उद्देश्यः**

- पोषण मैत्री स्थानिय तह घोषणाका लागि बहुक्षेत्रिय पोषण सेवा बिस्तार कार्यक्रमलाई प्रभाकारी रुपमा संचालन हुनेछन ।
- स्थानीय शासनका बिधि , प्रक्रिया र सुचकका साथै न्यूनतम लक्ष्यका बारेमा नगर स्तरीय समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषण मैत्री स्थानीय शासनका बिधि , प्रक्रिया र सुचकका बारेमा वडा समिति र सरोकारवालालाई जानकारी गराउने ।
- पोषणमैत्री वडा घोषणाको लागि प्रतिबद्धता सहित कार्य योजना निर्माण गर्ने ।

**उपेक्षित प्रतिफलः** पोषण मैत्री स्थानीय तह घोषणाका लागि आधार तयार भएको हुनेछ ।

**कार्यान्वयन गर्ने निकायः** खाडाचक्र नपाको समन्वयमा यो क्रियाकलाप कार्यान्वयन हुनेछ ।

**सञ्चालन प्रकृयाः**

- बहुक्षेत्रिय पोषण कार्यक्रममा बिज्ञता हाशिल गरेको दक्ष जनशक्तीको पहिचान गरी परामर्शदाताको रुपमा सम्झौता गर्ने ।
- पालिका स्वास्थ्य संस्था तह वडा र टोल स्तरमा हुने कार्यक्रममा सहजिकरणका लागी सहयोग पुग्नेछ

**बजेट बाडफाँडः** यस कार्यक्रमको लागि रु ३ लाख ५० हजार बजेटको व्यवस्था गरिएकोछ।बजेटको बिस्तृत विवरण नगरपालिकाको समन्वयमा समेत बाडफाँड गर्न सकिनेछ ।

समाप्त